दैनिक
# लुम्बिनी
निजी क्षेत्रबाट निरन्तर प्रकाशित पहिलो राष्ट्रिय दैनिक

हामी बोलेर मात्र
होइन पुऱ्याएर छाड्छौं
तपाईको अत्यन्तै जरूरी चिठी एवं पार्सलहरू
नेपाल लगायत भारत र विश्वका प्रमुख शहरहरूमा
पठाउनु परेमा हामीलाई सम्झनुहोस् ।
सुपर काइनेटिक
कुरियर्स सर्भिस
ट्राफिक चोक हिमालयन
बैंकको साइड (सुर्य लाईफ इन्सोरेन्स भएको
भवन) फोन:- ०७१५४२५७१

वर्ष ३७ | अंक ३९ | बुटवल | २०८१ माघ २०, गते आइतबार | नेपाल संवत ११४५ | Sunday Feb. 02, 2025 | पृष्ठ ४ | मूल्य रु. ६ मात्र | Lumbini

# बसाईसराइले रित्तिएका पहाडमा ठूला कृषि फार्म र प्रशोधन उद्योगको अवसर

कृषि प्रधान मुलुक नेपालले वर्षेनी अर्बौं रुपैयाँको खाद्यान्न, तरकारी र फलफूल आयात गर्नुपरेको विडम्बनायुक्त अवस्थामा बसाईसराइका कारण पहाडमा बाँझै रहेका हजारौं रोपनी जग्गामा स्थानअनुसारका कृषि उपजका फार्ममार्फत् देशलाई नयाँ औद्योगिक युगमा प्रवेश गराउने ढोका खोल्न सकिने अवसर छ ।

टिआर शर्मा

*बुटवल*



पहाडबाट तराईमा बसाईसराइका कारण रित्तिंदै गएको पहाडी जिल्लाका गाउँहरुमा कम्पनी कल्चरमा ठूला कृषि फार्म र प्रशोधन उद्योगहरु खोल्नुपर्ने अर्थविद्हरुले औंल्याएका छन् ।

बसाईसराइको नकारात्मक साइड इफेक्टलाई अवसरका रुपमा बदल्न पहाडका खेतीयोग्य जग्गालाई एकीकृत गरी ठूला कृषि फार्ममार्फत् खाद्यान्न, तरकारी, फलफूल, जडीबुटीको उत्पादन तथा प्रशोधन गरी उच्च प्रतिफल प्राप्त गर्ने गरी तीनै तहका सरकारले पहाडमा लगानीको वातावरण बनाउनुपर्ने सुझाएका छन् ।

राष्ट्रिय योजना आयोगका सदस्य डा. प्रकाशकुमार श्रेष्ठले बसाईसराइले रित्तिंदै गएका पहाडका खेतीयोग्य जग्गालाई एकीकृत गरी निजी क्षेत्रलाई आकर्षित गरी कम्पनी कल्चरमा ठूला कृषि फार्म र प्रशोधन उद्योग खोल्न सकिने बताउँछन् ।

'बसाईसराइले पहाडका गाउँहरु रित्तिएको यथार्थलाई अब अवसरका रूपमा बदल्ने सुवर्ण अवसर आएको छ, निर्वाहमुखी उत्पादन हुँदै आएको पहाडमा पनि खाली जग्गा एकीकृत गरी ठूला कृषि फार्म र प्रशोधन उद्योगहरु चलाएर व्यवसायिक उत्पादन र उच्च प्रतिफल प्राप्त गर्न सकिन्छ,' श्रेष्ठले भने-'बसाईसराइ विश्वभर हुने मानवीय स्वभाव र नियम हो, यसलाई फोर्सफुल्ली रोक्न सकिन्न, बरु यसबाट उत्पन्न साइड इफेक्टको सदुपयोग गर्ने योजना र कार्यक्रम बनाई लाभ लिन सक्नुपर्छ ।'

पहाडमा ठूला कृषि फार्म स्थापना गर्दा जग्गाको मूल्य सस्तो हुने भएकाले कम लागतमा गर्न सकिने, रोजगारीका अवसर सिर्जना हुने र त्यसले बसाईसराइ पनि केही हदसम्म नियन्त्रण गर्ने डा. श्रेष्ठले औंल्याए ।

'निजी क्षेत्रलाई पहाडमा आकर्षित गरी गाउँ-बेंसी, डाँडैभरि तरकारी, फलफूल, जडीबुटीको व्यवसायिक खेती, प्रशोधन उद्योग, कृषिमा आधारित पर्यटन व्यवसायबाट कृषिमा आत्मनिर्भर बन्न र अर्थतन्त्रलाई बलियो बनाउन सकिन्छ,' श्रेष्ठले भने-'सडक पूर्वाधार बनिसकेकाले पहाडका उत्पादन तराईमा ल्याएर बिक्री गर्न पनि समस्या हुँदैन, अझ प्रांगारिक उत्पादन गरेर विदेश निर्यात गर्न सकिन्छ ।'

कृषि प्रधान मुलुक नेपालले वर्षेनी अर्बौं रुपैयाँको खाद्यान्न, तरकारी र फलफूल आयात गर्नुपरेको विडम्बनायुक्त अवस्थामा बसाईसराइका कारण पहाडमा बाँझै रहेका हजारौं रोपनी जगामा स्थानअनुसारका कृषि उपजका फार्ममार्फत् देशलाई नयाँ औद्योगिक युगमा प्रवेश गराउने ढोका खोल्न सकिने डा. श्रेष्ठले औंल्याए । मुलुकको सन्तुलित विकासका लागि पहाडमा उद्यमशीलताको विकास र रोजगारीका अवसर सिर्जना, आफ्नै ठाउँमा सम्मानजनक तलब सुविधा दिनसक्ने हो भने तीब्र बसाईसराइ नियन्त्रण हुने र रोजगारीका लागि विदेश नै ताक्ने परिपाटीमा पनि कमी आउने डा. श्रेष्ठले सुझाए ।

'अब कमाउनका लागि तराई वा विदेश नै जानुपर्छ भन्ने माइण्ड सेट पनि बदल्नुपर्छ, पहाडमै अनि देशमै सम्भव छ भन्ने विश्वास जगाउन पनि पहाडमा निजी क्षेत्रको ठूलो लगानी भित्र्याएर कृषि र पर्यटन उद्यमशीलता बढाउनुपर्छ,' श्रेष्ठले भने-'पहाडबाट बसाईसराइ रोक्न, त्यहाँ ठूला कृषि उद्योग खोल्न, रोजगारी दिन सरकार चुकेकै हो, अब ढिला गर्न हुँदैन, विकासको नयाँ ढोका पहाडबाट खोल्नुपर्छ ।'

पहाडबाट तराईमा भइरहेको तीब्र बसाईसराइलाई राज्यले तत्काल नरोक्ने हो भने तराईमा घर जग्गाको मूल्य अप्राकृतिक र अस्वभाविकरुपमा वृद्धि भइरहने, शिक्षा, स्वास्थ्य, रोजगारी जस्ता सुविधा र अवसरका लागि मानिस तराईमा केन्द्रित हुने अनि जीवनभरको कमाई घरजग्गामै सिध्याउने परिपाटीले उत्पादनमूलक क्षेत्रमा लगानी अवरुद्ध भई देशको समग्र अर्थतन्त्र कमजोर बन्दै जाने शाइन रेसुंगा डेभलपमेन्ट बैंकका सिइओ प्रकाश पौडेलले औंल्याए ।

कुनै अवसर नभए मात्र बसाईसराइ हुने मान्यता विपरीत पहाडमा पूर्वाधार र सुविधा पुग्दा पनि मुलुकको राजनीतिक अस्थिरता, राज्यको नीतिगत कमजोरी, सरकारप्रति नागरिक तहमा अविश्वास जस्ता कारणले बसाईसराइ अनियन्त्रित बनेको पौडेलको ठम्याई छ ।

पहाड र तराईमा पूर्वाधार निर्माण, शिक्षा, स्वास्थ्य र रोजगारीका सुविधा र अवसरको सिर्जनामा राज्यको असमान लगानीका कारण तराइका निश्चित ठाउँमा जनसंख्या अस्वभाविकरुपमा बढेको, तराईका तिनै ठाउँमा राज्यको बजेटको ठूलो हिस्सा खन्याउने राजनीतिक परिपाटीले असन्तुलित विकासलाई मलजल गरेको पौडेलले बताए । तराईका निश्चित ठाउँमा जनसंख्या बढ्दै जाँदा त्यहाँ घर जग्गामा अनुत्पादक लगानी समेत अस्वभाविक वृद्धि हुन गई बैंकिङ क्षेत्र र अर्थतन्त्रमा असर परेको पौडेलको ठम्याइ छ ।

'बसाईसराइका कारण तराईका घरजग्गाको भाउ रातारात अस्वभाविक रुपमा बढ्यो, त्यसमा मानिसहरुले धेरै नाफा देखेर अनियन्त्रित लगानी गरे, उत्पादनमूलक क्षेत्रमा लगानी शून्यप्रायः भयो, त्यही अनुत्पादक लगानी नै अहिलेको आर्थिक मन्दीको एउटा प्रमुख कारण हो,' पौडेलले भने-'देशको अर्थतन्त्र सुदृढ हुन व्यक्ति वा कम्पनीको लगानी उत्पादनशील क्षेत्रमा हुनुपर्छ, तर हाम्रोमा रोजगारी वा सानोतिनो व्यवसाय गरेर कमाएको अधिकांश कमाई तराईका महँगा ठाउँको एक कठ्ठा वा १० धुर जग्गामा लगानी भएको छ, यसले मुलुकको समग्र अर्थतन्त्र, सामाजिक र सांस्कृतिक पक्षमा ज्यादै नकारात्मक असर पारेको छ ।'

बसाईसराइले तराईमा जग्गाको भाउ आकाशिंदा धेरै जग्गा भएका सीमित मान्छेहरु मात्र धनी भएका र उनीहरुले जग्गाबाट कमाएको नाफा फेरि अन्यत्र घर जग्गामै लगानी गर्दा उत्पादनशील क्षेत्रमा लगानी अवरुद्ध भएको पौडेलले औंल्याए । 'अघिल्लो साँझ लखपति भएको मान्छे रातभर सुतेर बिहान उठ्दा जग्गाकै कारण करोडपति भएका छन्, उनीहरुले नसोचेको नाफा कमाएपछि त्यो पैसा फेरि अन्यत्र जग्गामै लगानी गर्दै गए,' पौडेलले भने-'मान्छे धनी हुने उद्यम-व्यवसाय गरेर, रोजगारी सिर्जना गरेर र अर्थतन्त्रमा योगदान गरेर हुनुपर्ने हो,

» बाँकी ३ पेजमा

# स्थानीय अर्थतन्त्रको बलियो आधार पर्यटन : मुख्यमन्त्री

बुटवल । लुम्बिनी प्रदेशका मुख्यमन्त्री चेतनारायण आचार्यले स्थानीय अर्थतन्त्रलाई बलियो बनाउने प्रमुख आधारको रुपमा पर्यटन क्षेत्रलाई प्राथमिकतामा राखिएको बताएका छन् । मदाने गाउँपालिका वडा नं. ६ गुल्मिमा रहेको कङ्के देउराली जलासय र बृहत्तर खानेपानी आयोजनाको स्थलगत निरीक्षण तथा अन्तर्क्रिया कार्यक्रमलाई शनिबार सम्बोधन गर्दै मुख्यमन्त्री आचार्यले स्थानीय अर्थतन्त्रलाई बलियो बनाउने आधारको रुपमा पर्यटन क्षेत्रलाई प्राथमिकतामा राखिएको बताएका हुन् ।

कङ्के देउराली जलासय र बृहत्तर खानेपानी आयोजना समग्र तीन जिल्लाको भाग्य भविश्य निर्धारण गर्ने महत्त्वपूर्ण हुने चर्चा गरे । यो आयोजनालाई तीन तहका सरकारले साझा योजनाको रुपमा अघि बढाउनुपर्ने आवश्यकता औंल्याए ।

लुम्बिनी प्रदेश सरकारले प्रदेशको सांस्कृतिक, ऐतिहासिक तथा प्राकृतिक सम्पदालाई जोडेर पर्यटन सर्किट निर्माण गर्ने योजना प्रदेश सरकारले अघि सार्दै आएको छ ।

प्रदेशभित्रका प्रमुख धार्मिक स्थल, पुरातात्विक क्षेत्र, पर्यटकीय गन्तव्य र जैविक विविधता सम्पन्न स्थानहरुलाई आसपमा जोडेर आकर्षक सर्किट निर्माण गरिने, यसबाट आन्तरिक तथा बाह्य पर्यटकलाई लामो समयसम्म प्रदेशमा बस्न प्रेरित गर्ने र स्थानीय अर्थतन्त्रलाई बलियो बनाउने मुख्यमन्त्री आचार्यले विश्वास व्यक्त गरे ।



'हाम्रो प्रदेश मिनि नेपालको रुपमा परिचित छ । यहाँ हिमाल, पहाड, तराईको विविधतायुक्त भुगोल छ । पुरातात्त्विक सम्पदाहरुको संरक्षण गरेर पर्यटकहरुलाई भित्र्याउने मुख्य संकल्प छ,' उनले भने-'समृद्ध लुम्बिनी प्रदेशको आधारको रुपमा पर्यटन क्षेत्रलाई लिएका छौं । यसबाट स्थानीय अर्थतन्त्रलाई पनि बलियो बनाउन सक्ने प्रसस्त आधारहरु छन् । पर्यटन पूर्वाधार विकासलाई पहिलो प्राथमिकतामा राखिएको, सरकारका विभिन्न निकाय, निजी क्षेत्र, स्थानीय समुदायसँग सहकार्य गरेर अघि बढ्ने धारणा राखे ।

'हामी पर्यटनलाई समृद्धिको मेरुदण्डका रुपमा विकास गर्न चाहन्छौं । यसकालागि आवश्यक पूर्वाधार निर्माण, सेवा प्रवाह सुधार र समग्र पर्यटन प्रवर्द्धनमा जोड दिएका छौं,' उनले भने-'पर्यटनको क्षेत्रबाट स्थानीय स्तरमा प्रसस्त रोजगारीको अवसर सृजना गर्न सकिन्छ । कतिपय भइरहेको पनि छ ।' प्रदेश सरकारले दिगो पर्यटन प्रवर्द्धनमा ध्यान दिंदै नीतिगत सुधार लगानीमैत्री वातावरण निर्माणलाई प्राथमिकतामा राखेको मुख्यमन्त्री आचार्यले बताए ।

मदाने गाउँपालिकाका अध्यक्ष महेन्द्रबहादुर कुँवरको अध्यक्षता तथा मुख्यमन्त्री चेतनारायण आचार्यको प्रमुख आतिथ्यतामा सम्पन्न कार्यक्रममा प्रतिनिधि सभा सदस्य सूर्य थापा, पूर्व शहरी विकास मन्त्री रामकुमारी झाँक्री, कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्री दिनेश पन्थि, रेसुंगा नगरपालिकाका प्रमुख खिलध्वज पन्थी, धुर्कोट गाउँपालिकाका अध्यक्ष भुपाल पोखेल, ईश्मा गाउँपालिकाका अध्यक्ष भगत सिंह खड्कालगायतको विशेष उपस्थिति रहेको थियो ।

अन्तर्क्रिया तथा बैठकले कङ्के देउराली जलासय र बृहत्तर खानेपानी आयोजनालाई साझेदारी रुपमा अघि बढाउने निचोड निकालेको छ ।

कङ्के देउराली, जलासाय र बृहत्तर खानेपानी आयोजना नेपालकै राष्ट्रिय गौरवको महत्वपूर्ण र नमूना परियोजना हो । जसले स्थानीय, प्रादेशिक र राष्ट्रियस्तरको विकासमा ठूलो योदान पुऱ्याउने छ । यो आयोजनाको आर्थिक र पर्यटकीय दृष्टिबाट महत्वपूर्ण छ । जसले मदानेको मात्रै नभएर छिमेकी जिल्लाहरु प्यूठान, अर्घाखाँची र बागलुङ्गलाई मात्रै नभई लुम्बिनी प्रदेश र समग्र नेपालको समृद्धिमा महत्वपूर्ण भूमिका खेल्नेछ । यो आयोजनाले सिँचाइ र कृषि उत्पादन बढाउन, पानी आपूर्ती र जनस्वास्थ्य सुधारमा, स्थानीय रोजगारी र व्यापार प्रवर्द्धनमा योगदान पुऱ्याउने विश्वास गरिएको छ ।

» बाँकी ३ पेजमा



## सम्पादकीय

# विदेश पलायन रोक्ने योजना खोई ?

नेपालबाट विदेश पलायन हुने क्रम डरलाग्दो गरी बढेको छ। अध्यागमन विभागले प्रकाशित गरेको तथ्यांकअनुसार सन् २०२२ मा नेपालबाट कुल २० लाख २५ हजार ४७६ यात्रु अन्य मुलुक गएका थिए। तीमध्ये १४ लाख २९ हजार ५४४ जना नेपाली थिए। त्यसै अवधिमा विदेशबाट नेपाल भित्रिने नेपालीचाहिँ १० लाख ३६ हजार ८८५ मात्र थिए। अर्थात्, विदेशिएकामध्ये ३ लाख ९२ हजार फर्किएनन्।

त्यस वर्ष १६ लाख ३ हजार ८३० जना नेपाली विदेशिएका थिए भने स्वदेश फर्किनेचाहिँ १२ लाख ६३ हजार ४६३ मात्र थिए। अर्थात् यस वर्ष पनि ३ लाख ४० हजार ३६७ नेपाली विदेश गएर उतै बसे, स्वदेश फर्किएनन्। अनि २०२४ मा १७ लाख १४ हजार ५१५ जना नेपाली विदेशिएकामा १४ लाख ५ हजार ७९० जना मात्र फर्किए। बाहिरिने नेपालीको तुलनामा फर्किनेको संख्या ३ लाख ८ हजार ७२५ ले कम हो। यो जनसंख्या विदेशमै बसेको मान्न सकिन्छ।

पछिल्ला ३ वर्षमा विदेश गएर नफर्किनेको संख्या गणना गर्दा १० लाखभन्दा माथि हुन्छ। यी तीन वर्षको औसतमा हिसाब गर्दा विदेश जाने प्रत्येक सय जनामा २० जना उतै बसेका छन्।

वैदेशिक रोजगारीको सिलसिलामा अन्य मुलुकबाट प्रस्थान गरेको तथ्यांक उपलब्ध छैन। त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलबाट प्रत्येक दिनको प्रस्थान गर्ने यात्रुहरूको भिडलाई नियाल्दा सोचनीय अवस्था रहेको प्रतीत हुन्छ।

विज्ञान, प्रविधि र सञ्चारले विश्वग्राममा परिणत गरेको छ। बसोवास सर्नुका प्रमुख कारणहरूमा कठिन आर्थिक अवस्था, राजनीतिक अस्थिरता, वातावरणीय दुष्प्रभाव, जातीय, धार्मिक र लैंगिक असमानताजस्ता सामाजिक पक्ष, जनस्वास्थ्यका समस्या आदि मुख्य मानिन्छन्।

प्रस्थान उप्रेरित गर्ने प्रमुख कारणहरू आर्थिक अवसरहरूको सुलभता, स्थिर राजनीतिक व्यवस्था र स्वतन्त्रता, उच्च जीवनस्तर, पारिवारिक पुनरमिलन, शैक्षिक अवसरहरू, सुरक्षा, विश्वव्यापीकरण, सामाजिक सञ्जाल अनि सम्बन्धित देशका नीति र कानुनी प्रवाधान रहेका पाइन्छन्।

नेपालको सन्दर्भमा उल्लिखित कारणहरूमध्ये कुनै न कुनै किसिमले नेपाली समाज दिग्भ्रमित रहेको देखिन्छ। आजभन्दा ४० वर्ष अगाडिको अवस्था र वर्तमान अवस्थामा निकै नै फेरबदल भएको छ। राजनीतिक, आर्थिक र सामाजिक अवस्थामा केही आयामहरूमा कतिपय विश्वस्तरमै, कतिपय क्षेत्रीय र केही स्थानीय स्तरमै पनि परिवर्तन भएको देखिन्छ। राजनीतिक प्रणालीमा कुनै किसिमको कसैप्रति लक्षित रोकावट देखिँदैन। आफ्नो अभिमत र नेतृत्व गर्ने आकांक्षालाई आवधिक निर्वाचन प्रणालीले सम्बोधन गरेको छ। आर्थिक अवस्था सम्बन्धमा संवैधानिक र कानुनी अधिकारहरू व्यवस्थित भएका छन्। सबैलाई आफ्नो अधिकार प्रयोग गर्न खासै कुनै किसिमको अवरोध उत्पन्न भएको छैन। सामाजिक अवस्था सम्बन्धमा विचार गर्दा १० वर्षे माओवादी सशस्त्र द्वन्द्व, पूर्वी पहाड र तराईको असमझदारी अनि केही हदसम्म असहिष्णु अवस्था विगतमा रहे पनि वर्तमानमा सौहार्दपूर्ण नै रहेको देखिन्छ।

बहुसंख्यक वैश्विक मानव समुदायको सपनाको मुलुक संयुक्त राज्य अमेरिका धेरैको रोजाइ बनेको अध्ययनबाट देखिन्छ। विश्वभरबाट कुनै एक देशमा सम्पूर्ण मानव जाति बस्नसम्भव र सहज विषय होइन। तथापि अमेरिका बसाइसराइको प्रलोभनमा नेपालीहरूसमेत गैरकानुनी तवरले अमेरिका प्रवेश भएको देखिन्छ। विश्वभरका १४ लाख ४५ हजार ५ सय ४९ जना गैरकानुनी रूपमा अमेरिकामा रहेको र त्यसमा नेपालीहरू १ हजार ३६५ रहेको विवरण समाचारहरूमा सार्वजनिक भएको देखिन्छ। ह्वाइटहाउसमा डोनाल्ड ट्रम्पको पुनरागमनसँगै आप्रवासी निष्कासनको सिलसिला चलेको खबरले विश्वभर सनसनी मच्चाएको छ।

विश्वमा जतासुकै स्थायी बसोवास भएता पनि मानिसको चरित्र, मानसपटल र व्यवहार परिवर्तन अत्यन्तै कठिन विषय हुन्छ। जन्मसँगै विकास भएका भाषा, संस्कार, रीतिथिति, प्रथा, परम्परा र विश्वासहरूलाई कुनै पनि मानव सम्प्रदायले सहजै र एकै खेपमा त्यागेको पाइँदैन। मिश्रित समाजमा त झन् यिनै विषयमा राजनीतिक आवरणमा समेत मतदाता प्रभावित गर्ने, सौदाबाजी गर्ने र समयसमयमा हिंसात्मक द्वन्द्वसम्म लैजाने गरेको विश्व मानवचित्रमा भेटिन्छ।

एकपटकको नेपाली सधैँको नेपालीको मान्यतालाई राज्यले अंगीकार गरी विश्वभर छरिएर रहेको नेपाली सम्प्रदायलाई मुलुक फिर्तीको लागि आह्वान गरेको छ। प्रवासी नेपाली सम्प्रदाय समेतले नेपालको राजनीतिक, आर्थिक र सामाजिक सन्दर्भमा साझेदारी गरिरहेको छ। यसका बाबजुद मूल समस्या के कारणले सम्बोधन भएको छैन राज्यले अपनाउनुपर्ने नीति, नियम र दृष्टिकोण कुनै पक्षमा सोचविचार पुर्‍यानुपर्ने देखिन्छ। वर्तमान अवस्थाको कहालीलाग्दो प्रवासन समस्यालाई सम्बोधन गर्न समयसापेक्ष अनुसन्धान हुन पनि उत्तिकै जरूरी छ।

# विदेसिएका विद्यार्थी फर्काउने विकल्प



हरि लम्साल

*मुलुकभित्र उच्च शिक्षामा विद्यार्थीको आकर्षण कम हुँदै जाने विषय युवा विद्यार्थीको चाहनासँग सम्बन्धित हुन सक्छ। स्नातक तह र सोभन्दा माथि अध्ययन गर्ने युवा समूहभित्र पर्ने भएकाले यिनको चाहना, आकांक्षा एवं स्वभाव र हामीले प्रवाह गरेको सेवासम्बन्धी अध्ययनले केही सन्देश दिन सक्छ।*



विगत तीन वर्षमा उच्च शिक्षा अध्ययन गर्न नोअब्जेक्सनपत्र लिने विद्यार्थीको संख्या एक लाख १० हजारभन्दा माथि छ। यही अवधिमा मेडिकल स्नातक र स्नातकोत्तरमा अध्ययन गर्न आउने विदेशी विद्यार्थी १,१६७ थिए भने बाहिरिने नेपाली विद्यार्थी २,२२२ रहे।

स्वास्थ्य मन्त्रालयको २०८१ माघको प्रतिवेदनले सन् २०२३ मा मुलुकमा २,६९२ जना नयाँ चिकित्सक मेडिकल काउन्सिलमा दर्ता भए भने विदेसिने चिकित्सक २,३१८ रहेको देखायो। त्रिवि चिकित्साशास्त्र अध्ययन संस्थान (आइओएम) महाराजगन्जबाट एमबीबीएस उत्तीर्ण गरेका ४३ जनामध्ये ४१ जनाले विदेश जान परीक्षामा नाम दर्ता गराइसकेको पाइयो। नेपाल राष्ट्र बैङ्कको पछिल्लो विवरणअनुसार आव २०८१/८२ मङ्सिर महिनासम्म लगभग ४७.४१ अर्ब शिक्षाका लागि बाहिरियो जुन गत वर्षको यही अवधिमा ४७.३४ अर्ब थियो।

यस्तै सन्दर्भलाई लिएर मुलुकको उच्च शिक्षामा मुख्यतः दुई विषय उठेको देखिन्छ। पहिलो, उच्च शिक्षा अध्ययन गर्न ठुलो संख्यामा विद्यार्थी बिदेसिए। दोस्रो, यही कारणले मुलुकका विश्वविद्यालयमा विद्यार्थी संख्या घट्न थाले। विगत केही वर्षमा विद्यार्थी बिदेसिने क्रम बढ्दो क्रममा छ। विदेशी मुद्रा बाहिरिएको पनि छ। अध्ययनका लागि मात्र नभएर दक्ष जनशक्ति पनि बाहिरिएको देखियो। यो आफैँमा सोचनीय विषय छ।

उच्च शिक्षा आकांक्षी युवा र दक्ष जनशक्ति बाहिरिने क्रम बढेपछि मुलुकभित्रको उच्च शिक्षा भर्ना दरमा सङ्कुचन आउने नै भयो। भर्ना दरमा सङ्कुचन आउनुको कारण विद्यार्थी बिदेसिने मात्र नहुन पनि सक्छ। उच्च शिक्षामा भर्ना दर घट्न थाल्यो भन्ने विषयबाट बहसका सन्दर्भमा विभिन्न आयाम र दृष्टिकोणबाट हेरेर समस्याको कारण र असर खोज्नु पर्छ।

जनसंख्या वृद्धिदर र कक्षा एवं तह दोहोर्‍याउने दरमा आउने कमीले गर्दा उच्च शिक्षामा विद्यार्थी संख्या अझ घट्न सक्छ। माध्यमिक तह पूरा गर्ने सबै विद्यार्थी उच्च शिक्षामा भर्ना नभई कामको संसारमा प्रवेश गर्न थाले भने यो संख्यामा अझ कमी आउन सक्छ। यसै गरी बिदेसिएका विद्यार्थीका कारण पनि संख्यामा कमी आउन सक्छ। विदेश नगई मुलुकमै अध्ययन गर भन्न मिल्ला र ?

मुलुकभित्र उच्च शिक्षामा विद्यार्थीको आकर्षण कम हुँदै जाने विषय युवा विद्यार्थीको चाहनासँग सम्बन्धित हुन सक्छ। स्नातक तह र सोभन्दा माथि अध्ययन गर्ने युवा समूहभित्र पर्ने भएकाले यिनको चाहना, आकांक्षा एवं स्वभाव र हामीले प्रवाह गरेको सेवासम्बन्धी अध्ययनले केही सन्देश दिन सक्छ।

**बदलिँदो पुस्ता र उच्च शिक्षा**

जेड जेनेरेसन, मिलेनियल्स, जेन अल्फा एवं विटा जेनरेसन आफैँमा पुस्ता हुन्। जब पुस्ता बदलिन्छ अनि सोच बदलिने हुन्छ। एकआपसको सम्बन्ध बदलिन्छ। युवा पुस्ताको सोच बदलिएपछि किनमेल गर्ने पसल र उपभोग्य पदार्थ वा वस्तु बदलिने भए। सोच र प्रविधिले जीवनशैलीमा अझ परिवर्तन ल्याउने छ। फरक फरक पुस्ताका स्वभाव, रुचि, इच्छा र आकाङ्क्षालाई हाम्रा नीति तथा कार्यक्रमले के-कति तालमेल राख्न सके त ? पहिलो प्रश्न, समक्रममा हाम्रा शैक्षिक संस्था कति बदलिए त ? यिनका सोचमा के कति बदलाव आए ? कार्यशैलीमा के कति परिमार्जन गर्‍यौं त ? नीति तथा कार्यक्रम के कति मात्रामा बदलिए ? हाम्रा शैक्षिक प्रक्रिया के कति मात्रामा बदलिए त ?

दोस्रो, माध्यमिक तह पूरा गर्ने सबै जना उच्च शिक्षामा भर्ना नभई कामको संसारमा पनि जान्छन् भन्ने सोंचबाट हामीले हाम्रा कार्यक्रम र शैक्षिक प्रक्रिया के-कति मात्रामा तय गरेका छौँ त ? तेस्रो, कामको खोजमा विदेसिएका विद्यार्थीलाई स्वदेशका विश्व विद्यालयमै अध्ययनका लागि जोडिन मिल्ने शैक्षिक कार्यक्रम हामीसँग के-कति छन् ? चौथो, काममा संलग्न हुनेहरूलाई विगतमा रहेको प्राइभेट परीक्षार्थीको रूपमा भाग लिन पाउने अवसरलाई किन हटाइयो होला ? काममा संलग्न हुनेहरूलाई लक्षित गरेर अलि लचकदार शैक्षिक कार्यक्रम सञ्चालन गर्नेतर्फ हाम्रो सोच के कस्तो रह्यो त ?

पाँचौं, मुलुकका सबै संस्थाले सबै कार्यक्रम सञ्चालन गर्नेभन्दा पनि नयाँ परिवेश र समय एवं जेनेरेसनका लागि शैक्षिक कार्यक्रम सान्दर्भिक बनाउन अहिलेका शैक्षिक कार्यक्रम र आवश्यक परे संरचना पनि पूर्नसंरचना गर्ने सोच कहिले ल्याउने ? कार्यक्रमलाई लागत किफायती बनाई विद्यार्थीलाई बढी सुविधा र लक्षित समूहलाई निःशुल्क मात्र नभई लिभिङ कस्ट पनि दिने कि ? अनुसन्धानमा रकम बढाउन सकिन्थ्यो कि ?

छैठौं, सार्वजनिक शैक्षिक संस्थाका पदाधिकारीको बेमेलको असर विद्यार्थी र शैक्षिक संस्थामा कति परेको होला ? नयाँ प्रवेश गर्ने विद्यार्थी कुन उत्साहले आउला ? के हामी फरक विचार भएकासँग काम गर्नै नसक्ने भएका हौँ त ?

सातौँ, कतै हाम्रा कार्यशैलीले निरन्तरता मात्र पाएका त छैनन ? समय बदिलएपछि सोच बदलेर पाठ्यक्रम, शैक्षिक प्रक्रिया र मूल्याङ्कन प्रणाली बदल्ने काम के कति भएको छ त ? हाम्रा पुरानो शैलीले विद्यार्थीलाई कति वाक्क बनाएको होला ?

**अबको विकल्प के त ?**

उच्च शिक्षामा रहेका तमाम समस्या समाधान गर्न पदाधिकारीको सोच र कार्यशैली परिवर्तन गर्दै संरचनागत परिमार्जन पनि चाहिन्छ। जति पटक हिँडे पनि उही बाटो र उही गतिले पुगिने ठाउँ उही नै हुन्छ। बाटो सही भए गति बदल्नु पर्छ भने बाटो सही छैन भने त्यसलाई नै बदल्ने हिम्मत चाहिन्छ।

कतै हामीलाई यहाँ अध्ययन गरिरहेकाको भन्दा बाहिर गएकाको बढी चिन्ता हो ? चिन्ता त यहाँ भएकाहरूको बारेमा लिनुपर्ने होइन र ? अझ चिन्ता त उच्च शिक्षाका बारेमा हुनुपर्ने होइन र ? कृष्णहरि बरालको रचना र दीपक लिम्बूले गाएको यहाँ देशको छ, चिन्ता तिमी माया माया भन्छ्यौ भने जस्तै यहाँ उच्च शिक्षाको चिन्ता गर्नुपर्ने बेलामा को गयो को आयो भन्ने कुरा सहायक हुन। यहाँ राम्रो गर्न सके बाहिर गएकाहरू जोडिन सक्छन्। जान खोज्ने नजान पनि सक्छन्। अन्य मुलुकबाट पनि आउन सक्छन्। तसर्थ समस्या उनमा मात्र होइन कि हामीमा पनि छन कि भनेर आफूतर्फ फर्कने हो भने समाधानका उपाय निस्कन्छ।

हाम्रो जस्तो कमजोर स्रोत र साधन भएको मुलुकमा स्रोतको उच्चतम सदुपयोग गर्न मितव्ययी, लागत किफायती र प्राथमिकता कायम गरी काम गर्नु पर्छ। भएका कार्यक्रममा समयअनुसार परिमार्जन गर्नु पर्छ। पुरानो पनि नछोड्ने नयाँ ल्याउन स्रोत नहुनेको दुष्चक्रबाट बाहिर आउनु पर्छ। शिक्षा र बजारको सम्बन्ध छ, जहाँ बजारले शिक्षालाई निर्देशित गर्ने हुनाले बजारको यस स्वभावलाई बुझेर बदलिनु पर्छ। नयाँ लिनका लागि कम प्राथमिक देखिएकालाई पुनर्संरचना गर्न सक्नु पर्छ।

अहिले बिदेसिएका विद्यार्थी कामको खोजी र शिक्षा दुवैको खोजीका लागि गएका हुन सक्छन्। तीनलाई रोक्नका लागि स्वदेशमा कामको अवसर सिर्जना गर्न सक्नु पर्छ। शिक्षा आफैँले रोजगारी सिर्जना गर्न सक्दैन। नयाँ नयाँ शैक्षिक संस्था बनाई भौतिक पूर्वाधार निर्माणमा स्रोत लगाउनभन्दा पनि भएका भौतिक संरचनालाई उच्चतम रूपमा प्रयोग गरेर बचत रकमलाई प्रविधि, अनुसन्धान र शिक्षक एवं विद्यार्थी कल्याणमा लगाउनु नै उपयुक्त हुन सक्छ।

स्वदेशमा रोजगारी सिर्जना गर्न उत्पादनमा जोड दिनु पर्‍यो। उत्पादनमा कसरी जोड दिने त ? यसका लागि विश्वविद्यालयगत बहस होइन कि उच्च शिक्षामा बहस गर्नुपर्ने समय आयो। उच्च शिक्षा प्रणालीमा बहस चाहिन्छ। पिटर सेङ्गीले सन् १९९० मा लर्निङ अर्गनाइजेसनको सन्दर्भमा भनेको सिस्टम थिङ्किङ जस्तै पार्ट र होलको बुझाइ एकसाथ हुनु जरुरी देखियो।

यस अवधारणाबाट उच्च शिक्षाका संरचना र शैक्षिक कार्यक्रमको पुनर्संरचना गर्न सक्दा ठुलो स्रोत बचत गरी गुणस्तर र विद्यार्थी सहुलियतमा खर्च गर्न सकिन्छ। अनुसन्धानमा खर्च गर्न सकिन्छ। उत्पादन लक्षित कार्यक्रममा लगानी बढाई रोजगारीका नयाँ सम्भावना खोल्न सकिन्छ। प्रविधिमा लगानी बढाउन सकिन्छ। यस्तो प्रविधिलाई उत्पादनमा जोड्न सकिन्छ। स्वदेश वा विदेशमा काम गर्ने तर अध्ययनको चाहना भएकाहरूलाई लक्षित गरेर पार्ट टाइम कोर्षको अवधारणा सहयोगी हुन सक्छ। गुणस्तर कायम गर्न उपयुक्त ढाँचा र उपाय अवलम्बन गर्न सकिन्छ नै। नयाँ नयाँ संस्था खोल्नभन्दा भएकै विश्वविद्यालयका सङ्काय वा विभागलाई थप अधिकार दिएर स्वायत्व बनाई कार्यक्रमलाई पुनर्संरचना गर्न सके कार्यक्रम स्तरीय बनाउन र बचत रकमलाई यसै क्षेत्रमा लगाउन सकिन्छ।

अन्त्यमा अध्ययन र कामका लागि विद्यार्थी बाहिरिनुभन्दा पनि अझ ठुलो विषय भनेको त अध्ययनपश्चात् स्वदेश नफर्कनु वा फर्काउन नसक्नु हो। चीन र भारतको अनुभवले उपयुक्त नीतिले बाहिर गएकाहरूलाई फर्काउन सकिन्छ भन्ने सन्देश डेभिड र उनका साथीहरू मिलेर सन् २०२१ मा प्रकाशित गरेको रिभर्स आन्टरप्रेनियल माइग्रेसन इन चाइना एन्ड इन्डियाः द रोल अफ द स्टेट नामक पेपरको निष्कर्षले दिएको छ। तसर्थ हामीले पनि विदेश गएका र विदेशमा रहेका नेपालीलाई कसरी स्वदेश फर्काउने भन्नेमा थप काम सुरु गर्नु पर्छ।

गोपबाट

# पेटको मात्रै होइन घाँटीमा पनि हुन्छ ग्यास्ट्रिक, कसरी थाहा पाउने ?

डा. योगेश न्यौपाने

हामीलाई लाग्छ, ग्यास्ट्रिक भन्नेबित्तिकै त्यो पेटको रोग हो, यसले पेटमा मात्रै समस्या देखाउँछ। पेटको मात्रै नभई घाँटीको पनि ग्यास्ट्रिक हुन्छ भन्ने कुरा धेरैलाई थाहा हुँदैन। घाँटीको ग्यास्ट्रिकका लक्षणहरूको अनुभव धेरैले गरिरहेका हुन्छन्। यो समस्याबारे ज्ञान नहुँदा यस्ता लक्षण देखा परेपछि बिरामीले अन्य रोगसँग जोडिरहेका हुन्छन्। घाँटीमा मात्रै छुट्टै हुने भन्दा पनि पेटको ग्यास्ट्रिक बढेर घाँटीमा असर गर्ने हो।

कस्ता लक्षण देखिन्छन् ?

मुख्य गरी यसमा घाँटीमा केही अड्किरहेको, कपालको रौँ अड्किएको जस्तो अनुभव भइरहन्छ। खाना खाँदा, पानी खाँदा केही समस्या हुँदैन तर त्यत्तिकै बसिरहँदा थुक निल्दा केही आएर घाँटीमा बसेजस्तो हुन्छ।

हाम्रोमा उपचार गर्न आउने बिरामीहरू 'मलाई के भो डाक्टरसाब, केही सानो कुरा अड्किएको छ घाँटीमा' भन्दै आउनुहुन्छ। केही बिरामीहरू घाँटीको पछाडि भागमा केही डल्लो, गाँठो बसेको छ भन्दै आउनुहुन्छ।

केही बिरामी घाँटी पोल्ने, पोलिरहने समस्या लिएर आउनुहुन्छ। यो कुरालाई नबुझेर कति बिरामी मलाई टन्सिल भइरहेको छ, टन्सिलको औषधि खाइरहेको छु तर पनि ठिक भएन भन्दै आउनुहुन्छ। धेरै चिल्लो, पिरो खाएको दिन या भोलिपल्ट घाँटी ख्याप्प समात्ने, पोल्ने अनुभव लिएर पनि हामीकहाँ आउनुहुन्छ। यसबारे थाहा नभएर घाँटीको क्यान्सर भयो कि वा कुनै ट्यूमर पलायो कि भनेर शंका पनि बिरामीले गरिरहेका हुन्छन्।



**कसरी थाहा पत्ता लगाउने ?**

यस्ता अनुभव लिएर आउने बिरामीहरूलाई सबैभन्दा पहिला हामीले जाँच गरेर घाँटीको ग्यास्ट्रिक हो कि होइन यकीन गर्छौं। कसै-कसैलाई थाइराइडको समस्याले पनि यस्ता लक्षण देखिएको हुन्छ। कहिले कहीँ कुनै भिटामिनको कमीले पनि यस्तो हुनसक्छ। एउटा रगतबाट गर्ने परीक्षण हुन्छ, अर्को परीक्षण भनेको घाँटीको इन्डोस्कोपी गर्ने हो। यसमा नाकबाट एउटा सानो पाइप हालेर घाँटीसम्म हेर्छौं। यसपछि घाँटीको ग्यास्ट्रिक हो कि होइन पत्ता लाग्छ।

**उपचार कसरी गर्ने ?**

त्यसको पनि तह हुन्छ। कसलाई कुन तहको घाँटीको ग्यास्ट्रिक भएको छ, त्यो अनुसार उपचार गर्छौं। उपचार भनेको विभिन्न खालका औषधि दिने नै हो। कतिपय औषधिहरू पेटको ग्यास्ट्रिक र घाँटीको ग्यास्ट्रिकमा एउटै खालका पनि हुन्छन्। फरक औषधिहरू पनि हुन्छन्।

**घरेलु उपचार के हुनसक्छ ?**

एउटा त पेटको ग्यास्ट्रिकबाट बच्ने उपायहरू नै घाँटीको ग्यास्ट्रिकबाट जोगिने उपाय हुन्। तौल धेरै छ भने तौल घटाउने पर्छ। दुब्लोमा भन्दा मोटो मान्छेलाई यो समस्या बढी हुन्छ। नियमित व्यायाम गर्ने, चिल्लो, पिरो कम खाने गर्नुपर्छ। बेलुका सुत्नुभन्दा केही घण्टाअगाडि नै खाना खाने, खाना खानेबित्तिकै ओछ्यानमा नपल्टने यस्तो कुरामा ध्यान दिनुपर्छ।



**घाँसको जोहो:**
रूकुम पूर्वको सिस्ने गाउँपालिका-५ का महिला नजिकैको जङ्गलबाट घाँस लिएर घर फर्कँदै । *तस्विर सर्जना कार्की / रासस*

# 'उचित मुआब्जा नदिए विद्युत् लाइन लैजान दिन्नौं'



**केशव पराजुली**
*नवलपरासी*

अमेरिकी सहयोग नियोग एमसीसीले आफ्नो जग्गाको उचित मुआब्जा नदिए विद्युत् लाइन लैजान नदिने स्थानीयवासीले चेतावनी दिएका छन् ।

नवलपरासी पश्चिमको रामग्राम नगरपालिका तथा पाल्हीनन्दन गाउँपालिकाका स्थानीयहरुले उक्त कुरा बताएका हुन् । पश्चिम नवलपरासीको परासीमा आयोजित किसान संघर्ष समितिले आयोजना गरेको छलफल कार्यक्रममा पीडितहरुले उक्त कुरा बताएका हुन् । एमसीसीले विद्युत् पोलको मुआब्जा दिँदा समेत पक्षपात गरेको जनाउँदै पीडितहरुले विद्युत् तारतान्दा उतित मुआब्जा पाउनु पर्ने माग समेत गरेका छन् ।

एमसीसी परियोजनाले पोलका लागि जग्गा अतिक्रमण गर्दा ९ लाखदेखि ७३ लाखसम्म दिएको बताउँदै पीडितहरुले जग्गाको मूल्य निर्धारण गर्दा हचुवाको आधारमा गरेको बताएका हुन् । किसान संघर्ष समितिका संयोजक मनोज मौर्यको अध्यक्षतामा भएको छलफल कार्यक्रममा अधिकांश किसानहरुले जग्गाको मुआब्जा उचित नभएको बताएका छन् ।

एमसीसी परियोजनाले पश्चिम नवलपरासीको रामग्राम नगरपालिका र पाल्हीनन्दन गाउँपालिकाका करिव ९ सय किसानको १२ सय ६५ कित्ता जग्गा ओगटेको किसान संघर्ष समितिका संयोजक मनोज मौर्यले बताए । एमसीसीले प्रयोग गर्ने जग्गा २३ मटिर दायाँ, बायाँ रहनेछ । एमसीसीले प्रयोग गर्ने पोल र तार तान्ने जग्गामा घर निर्माण गर्न, बैंकमा राख्न र बेचबिखन गर्न पाइदैन र पोल र तार लग्ने क्षेत्रमा खेती समेत नहुने किसानहरुको भनाइ रहेको छ ।

छलफल कार्यक्रममा किसानहरुले एमसीसीले दिने भनेको २० प्रतिशत रकम न्यून भएको बताउँदै सच्याउनु पर्ने माग गरेका छन् । उनीहरुले एमसीसीले ओगट्ने जग्गाको पुरै कित्ता लिनुपर्ने माग समेत गरेका छन् । आफ्नो जग्गाको आफैँ मूल्य नपाउने अवस्था देखिएको अवस्थामा सबै एक भएर अगाडि बढ्नु पर्ने भेलाका सहभागीहरुले बताएका छन् ।

छलफल कार्यक्रममा लुम्बिनी प्रदेश सभासद वैजनाथ जैसवालले जनताले जग्गाको उचित मुआब्जा पाउनु पर्ने र त्यसका लागि सबै एक भएर लाग्नु पर्नेमा जोड दिएका छन् । जसपा नवलपरासीका अध्यक्ष धरेन्द्र यादवले एमसीसीले पोल निर्माण र तार लग्ने जग्गाको उचित मूल्य स्थानीयलाई दिनु पर्ने माग गर्दै त्यसका लागि एक भएर अगाडि बढ्नु आवश्यक रेहेकोमा जोड दिँदै जग्गाको मुआब्जा निर्धारणमा विभेद गर्न नपाइने बताए ।

कार्यक्रममा रामग्राम वडा नम्बर १ का अध्यक्ष रुद्रप्रकाश उपाध्याय, रामग्राम वडा नम्बर ४ का अध्यक्ष मदन यादव, रामग्राम १२ का अध्यक्ष लोकबहादुर चौधरी, वडा नम्बर १७ का अध्यक्ष कन्हैयाँ मौर्यलगायतले एमसीसीले स्थानीय माथि पारेको प्रभाव र समस्याको समाधानका लागि पहल गर्ने बताए ।

# शिक्षामा प्रविधि एकीकरणको नयाँ आयामस्वरूप सम्मेलन सम्पन्न



बुटवल । शिक्षामा प्रविधि एकीकरणको नयाँ आयामस्वरुप बुटवल सम्मेलन सम्पन्न भएको छ । नेपाल स्टेम एलायन्सद्वारा आयोजित बुटवल सम्मेलन २०२५ दियालो फुडल्याण्ड, कालिकानगर बुटवलमा भएको थियो ।

कार्यक्रमको उद्घाटन लुम्बिनी प्रदेशका पूर्व मन्त्री विष्णु पन्थीले गरेका थिए । पूर्वमन्त्री पन्थीले नयाँ प्रविधिहरूलाई शिक्षण पद्दतिमा समावेश गर्न नीति परिवर्तनको आवश्यकताको महत्त्वलाई स्वीकार गरे ।

कार्यक्रममा बोल्दै लुम्बिनी प्रदेशका नव-निर्वाचित प्याब्सन अध्यक्ष लालहरी पाण्डेले विद्यालयहरूले नयाँ प्रविधिहरूलाई अवलम्बन गर्न आवश्यकताहरू बारेमा प्रकाश पारेका थिए ।

सम्मेलनको औपचारिक सुरुवात गर्दै नेपाल स्टेम एलायन्सका प्रमुख सल्लाहकार राजेन्द्र घिमिरेले शिक्षामा प्रविधिको भूमिकाका बारेमा चर्चा गरेका थिए ।

कार्यक्रममा शिक्षाविद डा. राम हरि लामिछानेले विद्यार्थीहरूको जीवनमा प्राविधिक सीपहरूको लक्ष्य र भूमिका विषयमा प्रस्तुतिकरण गरेका थिए ।

नेपालको आइबी कार्यक्रमका प्रशिक्षक मंगोलिका चक्रवर्तीले कक्षा कोठामा प्रगतिशील शिक्षण सिकाइ पद्दति को बारेमा चर्चा गर्दै नवीनतम शिक्षण विधिहरूको बारेमा जानकारी गराएका थिए ।

नेपाल स्टेम एलायन्सका शैक्षिक प्रमुख दिपर्सन श्रेष्ठले बुटवलका विद्यार्थीहरू मानवी र प्रवेशद्वारा तयार गरिएका प्रोजेक्टहरू उजागर गर्ने विशेष सत्र सञ्चालन गरेका थिए ।

नेपाल स्टीमएलाएन्सका संस्थापक एवम् प्रमुख कार्यकारी अधिकृत सुशील बुढाथोकीले आधुनिक विश्वमा कोडिङ र प्राविधिक सीपहरूको प्रवृत्ति तथा बुटवलसँगको तुलना विषयमा कार्यपत्र प्रस्तुत गरेका थिए ।

कोडिङ ओलम्पियाड नेपालका कार्यक्रम संयोजक सुसन डंगोल ले कोडिङ ओलम्पियाड नेपालको यात्रा प्रस्तुत गरेको र कोडिङ ओलम्पियाड नेपाल २.० को आधिकारिक रूपमा सुरुवात गरेका थिए । कोडिङ ओलम्पियाड नेपाल २.० यहि फागुन ३ आयोजना हुने जनाइएको छ ।

सम्मेलनको समापन गर्दै लुम्बिनी वर्ल्ड स्कूलका प्रधानाध्यापक विष्णुप्रसाद ढकालले कोडिङ कक्षा स्कुल पाठ्यक्रमको सफल कार्यान्वयनको आफ्नै लुम्बिनी वर्ल्ड स्कुलको दुई वर्षको अनुभव सुनाएका थिए ।

सम्मेलनले शिक्षक, विद्यार्थी, नीति निर्माताहरू, तथा उद्योग नेताहरूलाई शिक्षामा प्रविधिको एकीकरणका विषयमा छलफल गर्न एक मञ्च प्रदान गरेको दाबी आयोजकको छ ।

कार्यक्रमको सञ्चालन एआईका सीईओ तथा नेपाल स्टेम एलायन्सका प्रविधि तथा मार्केटिङ सल्लाहकार सौगात बास्तोलाले गरेका थिए ।

बुटवल सम्मेलन २०२५ को सफल आयोजनासँगै नेपाल स्टेम एलायन्स ले प्रविधि शिक्षामा रहेको खाडललाई कम गर्दै विद्यार्थीहरू र शिक्षकहरूलाई नवीनतम डिजिटल युगमा अघि बढ्न आवश्यक सीप प्रदान गर्ने आफ्नो प्रतिबद्धतालाई पुनः पुष्टि गरेको छ । यस कन्फेरेन्समा ६०० भन्दा बढीको उपस्थिती रहेको थियो ।

# बालबालिकालाई उद्घोषण तालिम




बुटवल । तिलोत्तमा । रुपन्देहीको तिलोत्तमा १६ मा बालबालिकाहरुका लागि ३ दिने उद्घोषण तालिम प्रदान गरिएको छ ।

बालमैत्री स्थानीय शासन समिति तिलोत्तमा १६ रुपन्देहीको आयोजनामा बाल समूह तथा बाल सञ्जाल समूहका बाललिकाहरुका लागि ३ दिने तालिम प्रदान गरिएको हो ।

समापन समारोहमा बोल्दै तिलोत्तमा नगरपालिका १६ का वडा सदस्य माया चौधरीले बालबालिकाहरुलाई सीप सिकाउनु महत्वपूर्ण रहेको बताउँदै व्यवहारिक सीपले बालबालिकालाई आत्मनिर्भर बनाउने बताइन् ।

वडा सदस्य हुमबहादुर गाहले बालमैत्री शासन लागू भएको तिलोत्तमा नगरपालिकामा बालबालिकाको हित तथा क्षमता विकासमा विभिन्न कार्यक्रमहरु भइरहेको बताए ।

यस्तै वडा सदस्य जानकी सुनारले बालमैत्री भएसँगै बालबालिकामा गरेको लगानीले ल्याउँछ सुनौलो बिहानी भन्ने नारा प्रभावकारी बन्दै गइरहेको बताइन् ।

माघ १६, १७ र १८ गतेसम्म सञ्चालन भएको तालिम सञ्चारिका समूह रुपन्देहीका सचिव पूजा पन्थीले प्रशिक्षण प्रदान गरेकी थिइन् ।

नवसोच पवित्र आमा समूहको सभाहलमा भएको तालिममा ५० जना बालबालिकाहरु सहभागी रहेको सहजकर्ता चन्दा घिमिरेले जानकारी दिइन् ।

# स्याङ्जामा एचपिभी खोपको तयारी पूरा

**श्रीकृष्ण सिग्देल**
*स्याङ्जा*

माघ २२ गतेबाट सुरु हुने एचपिभी खोप अभियानको तयारी पूरा भएको प्रदेश जनस्वास्थ्य कार्यालय पुतलीबजार स्याङ्जाले जानकारी दिइएको छ । प्रदेश जनस्वास्थ्य कार्यालय पुतलीबजार स्याङ्जाले एचपिभी खोप अभियान–२०८१ काबारे अन्तरक्रिया एवम् गोष्ठिमा जिल्लाभर संचालन हुने एचपिभी खोप अभियानको तयारी पूरा भएको जनाएको हो । महिलाहरुमा हुने पाठेघरको मुखको क्यान्सरविरुद्ध एचपिभि खोप अभियानअन्तर्गत स्याङ्जाका ११ वटै स्थानीयतहमा खोप लगाइँदै छ । देशभर यो खोप अभियान यही माघ २२ देखि फागुन ६ गते सम्म कक्षा ६ देखि १० सम्मका छात्राहरू र विद्यालय नजाने १० देखि १४ वर्ष उमेरका किशोरीहरूलाई एचपिभी खोप दिने लक्ष्य नेपाल सरकारको छ ।

प्रदेश जनस्वास्थ्य कार्यालय पुतलीबजार स्याङ्जाले आयोजना गरेको अभिमुखीकरण गोष्ठिमा जिल्लाखोप समन्वय समितिका पदाधिकारीहरु र पत्रकार तथा सञ्चारकर्मीहरुको सहभागिता रहेको थियो । कार्यक्रममा महिलाको पाठेघरको मुखको क्यान्सरबारे जानकारी, संक्रमणका लक्षण, रोकथामका उपाय, अभियानमा प्रयोग हुने एचपिभी खोपको परिचय, खोप सेवा सञ्चालनको पृष्ठभूमि साथै खोप सेवा सञ्चालनको औचित्य, खोप सेवाका लक्षित उमेर समूह र संख्या तथा खोप अभियान सञ्चालन कार्यनीतिबारे जनस्वास्थ्य प्रशासक केशवप्रसाद चापागाईंले जानकारी दिए ।

११ ओटै पालिकाको अभिलेख तयार गरिसकेको र सत् प्रतिशतमा यो खोप लगाइने लक्ष्य लिइएको जनस्वास्थ्य प्रमुख चापागाईंले बताए । सबै पालिकाहरुका स्वास्थ्य संस्थामा शुक्रबार बेलुकासम्म खोप उपलब्ध गराइने समेत उनले गोष्ठिमा जानकारी गराए । जिल्लाका ११ वटै पालिकामा ९ हजार ३ सय १९ जनालाई एचपिभी खोप दिइने छ । खोप लगाइसकेपछि खोप कार्ड सुरक्षित राख्नुपर्ने स्याङ्जाका जनस्वास्थ्य प्रमुख चापागाईंले बताए ।

जिल्लामा ३ सय १९ खोप केन्द्रमा स्वास्थ्यकर्मी र स्वयंसेवकहरुको सहयोगमा एचपिभी खोप लगाइने छ । सबै खोपकेन्द्र तयारी अवस्थामा रहेको समेत चापागाईंले बताए । पुतलीबजार, वालिङ, भीरकोट र चापाकोट नगरपालिका र फेदिखोला गाउँपालिकामा २२ देखि २७ गतेसम्म तथा आँधीखोला, अर्जुनचौपारी, कालीगण्डकी, बिरुवा गाउँपालिका र गल्याङ नगरपालिकामा २२ देखि २५ गतेसम्मखोप सञ्चालन हुनेछ भने हरिनास गाउँपालिकामा २२ देखि २४ सम्म सञ्चालन हुने आयोजकले जनाएको छ । कार्यक्रममा जिल्ला समन्वय समितिका प्रमुख श्रीप्रसाद जिटी, प्रमुख जिल्ला अधिकारी सुनिता नेपाल, नेपाल पत्रकार महासंघ स्याङ्जाका अध्यक्ष प्रदिप कोइरालालगायतले सरकारले राखेको लक्ष्यलाई सफल बनाउन सबैले सहयोग गर्न आग्रह गरेका थिए ।

**बसाईसराइले ...**

तर नेपालमा जग्गाकै कारण विना उद्यम, व्यवसाय रातारात करोडपति हुने परिपाटी बन्यो, यसलाई उचित कानुन बनाएर नरोक्ने हो भने पहाडका बस्ती मानव शून्य हुने, जगाको मूल्य पनि शून्य हुने, युवा जनशक्ति विदेश पलायन भइरहने र देश गरिबीको दुश्चक्रमै रुमल्लिरहने जोखिम छ ।'

बसाईसराइका कारण निम्तिने यस्ता आर्थिक संकट आउन नदिन पहाडमा पनि ठूला उद्योग स्थापना, शिक्षा, स्वास्थ्य र रोजगारीको उचित व्यवस्थाका लागि राज्यको पर्याप्त लगानी अनि तराईमा जग्गाको वैज्ञानिक मूल्य निर्धारण र व्यक्तिको कमाइको पूरै हिस्सा घर जग्गामा लगानी गर्न नपाउने र केही हिस्साले उद्यम व्यवसाय गर्नुपर्ने वा बैंकमा बचत गरी बैंकमार्फत् उत्पादनशील क्षेत्रमा लगानी गर्नुपर्ने बाध्यकारी नियम सरकारले बनाउन अपरिहार्य देखिएको बैंकर पौडेलले सुझाए ।

लुम्बिनी प्रदेश योजना आयोगका सदस्य भुवन चौधरीले बसाई सराईले गर्दा पहाडी ६ जिल्लामा प्रदेशको कुल जनसंख्याको २३.५ प्रतिशत मात्र रहेको र तराईका ६ वटा जिल्लामा तीन गुणा बढी ७६.८ प्रतिशत जनसंख्या ओगेटेको बताए । 'लुम्बिनीका पहाडका ६ जिल्लाको जनसंख्या र रुपन्देही जिल्लाको जनसंख्या करिब बराबर छ, गुल्मी, अर्घाखाँची र पाल्पाको जनसंख्या वृद्धिदर ऋणात्मक छ, यी जिल्लाबाट बसाईसराइ गरेर तराई झर्नेको ठूलो हिस्सा रुपन्देहीमा छ, यसले सन्तुलित विकास नभएको पुष्टी गर्छ,' चौधरीले भने-'अब केही वर्ष प्रदेश र संघीय सरकारको बजेट पहाडी जिल्लामा केन्द्रित गरी विकास पूर्वाधार, ठूला स्केलका उद्योग स्थापना, शिक्षा, स्वास्थ्य र रोजगारीका अवसर पहाडमै उपलब्ध गराउन सक्नुपर्छ ।'

नेपाल बैंकर्स एशोसिएसन लुम्बिनीका निवर्तमान अध्यक्ष नवीन विष्टले तराईमा बसाईसराइ तीब्ररुपमा वृद्धि हुँदा घर जग्गाको भाउ आकाशिएको र त्यही आकाशिएको मूल्यलाई आधार मानेर धितो मूल्याङ्कन गरी कर्जा प्रवाह भएको, तर कोरोना महामारीपछि जग्गाको भाउ ह्वात्तै घट्दा बैंकहरुलाई समस्या भएको औंल्याए । बैंक तथा वित्तीय संस्थाको ७० प्रतिशत कर्जाको धितो घर जग्गा नै भएको तर केही वर्ष यता जग्गाको मूल्यमा आएको गिरावटले बैंकहरुको कर्जा असुलीमा असर गरेको विष्टले खुलाए ।

'२०६४ साल अघिसम्म तराईमा १० लाख पर्ने जगाको मूल्य गणतन्त्र आएपछि आकाशिएर एक करोड पुग्यो'-विष्टले विगत सम्झिँदै भने-'बैंकहरुले एक वर्षअघि १० लाख मूल्य भएको जग्गालाई एक वर्षपछि एक करोड मूल्यांकन गरेर ५० लाखका दरले कर्जा दिए, त्यो कर्जा फेरि जग्गामै लगानी हुँदै गयो, कोभिड पछि जगाको भाउ ह्वात्तै घट्यो अनि बैंकहरुले धितो लिलाम गर्दा पनि जगा बिकेन, यसले बैंकहरुमा र अर्थतन्त्रमै नकारात्मक असर गरेको छ ।'

बसाईसराइका कारण जग्गाको मूल्य आकाशिएर अर्थतन्त्रमा निम्तिएको यो संकट सुधार हुन अझैं ३ देखि ५ वर्ष लाग्ने बैंकर विष्टको आंकलन छ । बसाईसराइ पूर्णरुपमा रोक्न नसकिए पनि पहाडमा उद्योगधन्दा स्थापना गरेर रोजगारी र उचित तलब दिन सक्ने हो भने धेरै हदसम्म नियन्त्रण हुने विष्टले बताए ।

पछिल्लो दशकमा नेपालको वार्षिक जनसंख्या वृद्धिदर ०.९२ प्रतिशत रहेकोमा लुम्बिनी प्रदेशमा सबैभन्दा बढी १.२४ प्रतिशत रहेको छ । पछिल्लो दशकमा मात्र लुम्बिनी प्रदेशमा ६ लाख २२ हजार ८०६ मानिस थपिएका छन् । जनसंख्या वृद्धिदर उच्च हुने जिल्लाहरुमध्ये रुपन्देही, बाँके, दाङ र कपिलवस्तु क्रमशः दोश्रो, चौथो, छैटौ र दशौ स्थानमा रहेका छन् ।

विगतमा गुल्मी, पाल्पा र अर्घाखाँचीको जनसंख्या वृद्धिदर सुस्त भए पनि अहिले आइपुग्दा जनसंख्या वृद्धिदर ऋणात्मक भएको छ ।

नेपालको कूल जनघनत्व प्रतिवर्ग किमी १९८ जना रहेकोमा लुम्बिनी प्रदेशको जनघनत्व २३० जना रहेको छ । यो प्रदेश उच्च जनघनत्व भएका प्रदेशहरु मध्ये तेश्रो स्थानमा छ । उच्च जनघनत्व भएका जिल्लाहरुमा रुपन्देही (८२५ जना) नेपालमै तेश्रो स्थानमा रहेको छ । लुम्बिनीका जिल्लाहरुमध्ये रुकुम पूर्वको जनघनत्व ३४ जना मात्र रहेको छ ।

राष्ट्रिय जनगणना २०७८ अनुसार नेपालको जनसंख्या २,९१,६४,५७८ रहेको छ । लुम्बिनी प्रदेश नेपालमा तेश्रो धेरै जनसंख्या हुने प्रदेश हो । जनगणनाअनुसार लुम्बिनी प्रदेशमा नेपालको १७.५६ प्रतिशत जनसंख्या छ । लुम्बिनी प्रदेशमा एक दशकमा ६ लाख २२ हजार ८०६ जनसंख्या थपिएको छ । वि.स. २०६८ मा प्रदेशमा बसोबास गर्ने परिवार संख्या ८ लाख ८५ हजार ५०२ रहेकोमा वि.स. २०७८ मा ११ लाख ४१ हजार ९०२ पुगेको छ, जुन नेपालको परिवारसंख्याको १७.१ प्रतिशत हो ।

**स्थानीय...**

कङ्के देउराली पर्यटन क्षेत्रको अवलोकन गरिसकेपछि पुर्कोटको कोट, अरविन्द आश्रमको अवलोकन गरी ढोरपाटन क्षेत्रको अवलोकन तथा शिकार आरक्षमा सिकार गर्ने बनाउने, कङ्के देउराली गौमुखी हुँदै स्वर्गद्वारी यात्रामा सरिक गराउने, कङ्के देउराली पर्यटन क्षेत्रको अवलोकन गरिसकेपछि पुर्कोटको कोट अवलोकन गराई टोप्रेको गुफा गौमुखीको दर्शन गराई स्वर्गद्वारी आश्रममा पुर्‍याउने, कङ्के देउराली धुर्कोट रेसुंगा हुँदै रुरु क्षेत्रको यात्रामा सरिक गराउने, कङ्के देउराली पर्यटन क्षेत्रको अवलोकन गरिसकेपछि ऐतिहासिक धुर्कोटको कोट र विचित्र गुफाको अवलोकन गराईसकेपछि रेसुंगा तपोभूमि श्रृग्रेश्वर र रुरु क्षेत्रको यात्रामा सरिक गराउने योजना छ ।

ट्वाइलेट सफा गराउनुहोस्
सेफ्टी ट्याङ्की, भरिएर, शिरनाली जाम भएर
समस्या परेको छ ?
हामी तपाईंको समस्या तुरून्त ५ मिनेटमै हल गरी दिनेछौं ।
क्षेत्रः लुम्बिनी, भैरहवा, परासी, बुटवल मर्चवार
प्रो. रामशाह शाहानी

विशाल सेनेटरी
बर्मेलीटोल, भैरहवा
मो.9847324755,9804406297

ट्वाइलेट सफा गराउनुहोस्
तपाईको सहर बुटवल तथा लुम्बिनी अंचलमा आधुनिक जापानीय मेशिनद्वारा सेफ्टी टंकी ट्वाइलेटको रिङ्ग भरिएमा १० मिनेटमा नै सफा गरिनेछ ।
- ट्वाइलेट, वाथरुम, किचन र नाली जाम भएमा हामीलाई सम्झनुहोस् ।
- लोडसेडिङ्ग भएको बेलामा पनि अत्याधुनिक भ्याकुमद्वारा १० मिनेटमै सफ्टी टंकीको रिङ खाली गरिने छ ।
सुपथ मूल्यमा काम गर्ने र गराउन हामीलाई एक चोटी सेवा गर्ने मौका दिनुहोस
सम्पर्कः
सीताराम सफा सेनेटरी
भैरहवा
९८६९७८९२७५,९८००७६०६२२

ट्वाइलेट सफा गराउनुहोस्
के तपाईंको घरको शिट, नाली, जाम भयो भने चिन्ता नलिनुहोस र सेनेटरी जगतमै बढी क्षमता, अत्याधुनिक प्रविधि, पावर फूल रोटर भ्याकुम पम्प, बिजुली नचाहिने एक मात्र सेनेटरीलाई सम्पर्क गर्नुहोस् । लोडसेडिङ्गको बेला पनि सेवा दिइने छ ।
सम्पर्कः
तिनाउ सेनेटरी
बुटवल-१०, सुख्खानगर, रूपन्देही,
फोन: ९८५७०५८८१३,९८०७१८०८१३

दैनिक लुम्बिनी

# कांग्रेसको महाधिवेशन २०८४ को चुनाव अगावै : गगन



काठमाडौं । नेपाली कांग्रेसका महामन्त्री कांग्रेसको अधिवेशन १५औं महाधिवेशन २०८४ को चुनाव अगावै हुने बताएका छन् ।

शनिबार एक कार्यक्रममा पार्टी कार्यकर्तालाई सम्बोधन गर्दै उनले ०८४ को स्थानीय तह र आम चुनाव पार्टीको नयाँ नेतृत्वले नै गराउने बताए ।

संविधानमै एउटा अधिवेशन र अर्को अधिवेशनको समय पाँच वर्षको व्यवस्था गरिएकोले ०८४ को चुनावअघि नै महाधिवेशन गर्नै पर्ने उनले जनाए । '२०८४ को स्थानीय चुनाव, आम चुनावभन्दा अगाडि पार्टीको अधिवेशन नगरिकन पाइँदैन । त्योभन्दा पहिले पार्टीको अधिवेशन गर्नैपर्छ,' उनले भने-'अधिवेशनबाट आएको नयाँ नेतृत्व हुन्छ । त्यो नयाँ नेतृत्वले नै चुनावको नेतृत्व गर्छ ।'

महामन्त्री थापाले महाधिवेशन कति छिटो गर्न सकिन्छ भन्ने बारेमा पार्टीभित्र छलफल भइरहेको पनि जानकारी दिए । समयमै गर्ने गरी आफूहरूले मिहिनेत गरिरहेको उनको भनाइ छ ।

केही नेताहरुको भनाइले अधिवेशन पछि जान्छ कि भन्ने लागेको भए पनि त्यसमा कन्फ्युज नहुन कार्यकर्तालाई आग्रह गरे ।

नेपाली कांग्रेसले १४औं महाधिवेशन २०७८ पुसमा सम्पन्न गरेको थियो । उक्त मितिले २०८३ भित्र १५औं महाधिवेशन गरिसक्नुपर्ने संवैधानिक व्यवस्था छ । तर, केही साना दलसँग एकता गरेर अधिवेशन लम्ब्याउन सक्ने भन्दै कांग्रेस नेताहरू शशंकित छन् ।

पार्टी एकता गरेर पनि अधिवेशन पछि सार्न नमिल्ने महामन्त्री थापा बताउँछन् । उनले कांग्रेसलाई बिगठन गरेर दुई पार्टीको एकता गरेमात्रै सम्भव हुने भन्दै त्यस्तो कुरा असम्भव भएको बताए ।

कांग्रेस संस्थापन इतरका नेता डा.शेखर कोइरालाले पनि आगामी महाधिवेशन २०८२ मै गर्नुपर्ने धारणा राख्दै आएका छन् ।

# मणिमुकुन्द कलेजद्वारा न्यानो कपडा वितरण



बुटवल । मणिमुकुन्द कलेज र कलेजका विद्यार्थीहरुले संयुक्तरुपमा सामुदायिक विद्यालयका विद्यार्थी र शिक्षकलाई न्यानो कपडा वितरण गरेका छन् ।

उनीहरुले तिनाउ गाउँपालिका वडा नं. २ नुवाकोटस्थित रुपा प्राथमिक विद्यालयमा अध्ययनरत विद्यार्थी, शिक्षक र शिक्षिकालाई विद्यालयमै पुगेर ट्र्याकसुट सेट, कापी र कलम वितरण गरेका हुन् । सो अवसरमा बोल्दै मणिमुकुन्द कलेजका प्राचार्य टुकबहादुर क्षेत्रीले सामाजिक उत्तरदायित्वअन्तर्गत मानवीय सेवाको भावनाले कलेजका कक्षा ११, १२ र स्नातक तहका विद्यार्थीले खाजा खर्चबाट बचाएको रकमबाट राहतस्वरुप सामुदायिक विद्यालयमा न्यानो कपडा वितरण गरिएको बताए ।

संस्थाले विद्यार्थीको सर्वाङ्गीण विकासका लागि शैक्षिक गुणस्तर अभिवृद्धिसँगै सामाजिक क्रियाकलाप, खेलकुद र अतिरिक्त क्रियाकलापलाई पनि उत्तिकै प्राथमिकतामा राखेर अघि बढेको सह-प्राचार्य दिवाकर खनालले बताए ।

संस्थाका सञ्चालक समिति सदस्य उमापति न्यौपानेले कलेजले यसअघि पनि नवलपरासीको सुस्ता लगायतका ठाउँमा पुगेर राहत वितरण गरेको बताए । रुपा प्राथमिक विद्यालयका पूर्व अध्यक्ष जुद्धबहादुर थापा, प्रधानाध्यापक प्रेमकुमार पौड्यालले विद्यालयमा अधिकांश विपन्न परिवारका विद्यार्थीले पढ्ने भएकाले यस्ता राहतले उनीहरुलाई पढाईमा हौसला मिल्ने जनाए ।

कार्यक्रममा कलेजका व्यवस्थापन संयोजक पशुपति चौधरी, बीबीएस संयोजक दिनेश पाण्डेलगायतले बोल्दै मणिमुकुन्दका विद्यार्थीको सामाजिक र परोपकारी कार्यले छुट्टै आनन्द मिलेको भन्दै भविष्यमा पनि विद्यार्थीहरुसँग मिलेर संस्थाले आवश्यक ठाउँमा सहयोग गर्ने बताए ।

# एचपिभी खोपका बारेमा किशोरीलाई अभिमुखीकरण

बुटवल । सरकारले सञ्चालन गर्न लागेको पाठेघरको क्यान्सरविरुद्धको एचपिभी खोपका बारेमा किशोरीहरुलाई अभिमुखीकरण गरिएको छ ।

सरकारले सञ्चालन गर्न लागेको पाठेघरको मुखको क्यान्सरविरुद्धको एचपिभी खोपका बारेमा जानकारी गराउन नेपाल अर्बुद रोग निवारण संस्था रुपन्देहीले शनिबार बुटवलमा कार्यक्रमको आयोजना गरी विद्यालयका किशोरीहरुलाई अभिमुखीकरण गरिएको संस्थाका सचिव प्रजापाल गिरीले जानकारी गराए ।

बुटवल उद्योग वाणिज्य संघ रुपन्देहीको सभाहलमा आयोजना गरिएको अभिमुखीकरणमा प्रसुति तथा स्त्रीरोग (गाइनोक्लोजिक अन्कोलोजिस्ट) विशेषज्ञ डा. नारायणबहादुर जिसी पाठेघरको मुखको क्यान्सर, एचपिभी खोप तथा जोखिम न्यूनीकरण र प्रभावका बारेमा जानकारी गराएका थिए ।

त्यस्तै जनस्वास्थ्य अधिकृत उमा थापाले पाठेघरको मुखमा हुने क्यान्सरका कारण हुने मृत्युलाई घटाउनको लागि सरकारले विद्यालय जाने कक्षा ६ देखि १० सम्मका बालिका र विद्यालय नजाने १० देखि १४ वर्षका किशोरीहरुलाई खोप अभियान सञ्चालन गर्न लागेको बताउँदै पाठेघरको मुखको क्यान्सरविरुद्धको एचपिभी खोप कार्यक्रमका बारेमा जानकारी गराए । उनले यो खोप कार्यक्रमबाट लाभ लिन पनि आग्रह गरे ।

नेपाल अर्बुद रोग निवारण संस्था रुपन्देहीका सभापति खिमबहादुर हमालले पाठेघरको मुखमा हुने क्यान्सरका कारण धेरै महिलाहरुले अकालमा ज्यान गुमाइरहेको अवस्थामा सरकारले त्यसविरुद्धको खोप अभियान सञचालन गरेकोले अभियानलाई प्रभावकारी बनाउन किशोरीहरुलाई अभिमुखीकरण कार्यक्रम गरिएको बताए ।

यो खोप अभियान यही माघको २२ गते विश्व क्यान्सर दिवसका दिनदेखि सुरु हुँदैछ । यो अभियानमा विद्यालय जाने कक्षा ६ देखि १० सम्मका र विद्यालय बाहिरका १० देखि १४ वर्ष उमेर समूहका युवतीहरुलाई सहभागी गराइँदैछ ।

१६ पालिका रहेको रुपन्देहीमा दुई चरणमा ५८ हजार ८९८ जना किशोरीलाई पाठेघरको क्यान्सरविरुद्धको एचपिभी खोप लगाउन लागिएको हो । पहिलो चरणमा माघको २२ देखि २९ गतेसम्म बुटवल उप-महानगरपालिका, सिद्धार्थनगर नगरपालिका, सैनामैना नगरपालिका, कञ्चन गाउँपालिका, गैँडहवा गाउँपालिका, शुद्धोधन गाउँपालिका, सियारी गाउँपालिका र मायादेवी गाउँपालिकाका ३१ हजार ९५६ जनालाई यो खोप लगाइने छ ।

त्यस्तै अभियानको दोस्रो चरणमा फागुन १ देखि ६ गतेसम्म देवदह नगरपालिका, तिलोत्तमा नगरपालिका, लुम्बिनी सांस्कृतिक नगरपालिका, ओमसतीया गाउँपालिका, रोहिणी गाउँपालिका, कोटहीमाइ गाउँपालिका, सम्मरीमाइ गाउँपालिका र मर्चवारी गाउँपालिकाका २६ हजार ९४२ जना किशोरीलाई खोप लगाइने जिल्ला स्वास्थ्य कार्यालय रुपन्देहीले जनाएको छ ।

अभियानका लागि रुपन्देहीमा ६८५ खोप केन्द्र तोकिएको छ । विश्व स्वास्थ्य संगठनकाअनुसार पाठेघरको मुखमा हुने क्यान्सरका कारण नेपालमा दैनिक ४ जना महिलाको मृत्यु हुने गरेको छ ।

कार्यक्रममा लायन्स डिष्ट्रिक गभर्नर पुरुषोत्तमभक्त प्रधानाङ्ग, नेपाल अर्बुद रोग निवारण संस्थाका केन्द्रीय सदस्य मधुसुधन गैरेलगायतले भनाइ राखेका थिए । कार्यक्रममा २ सय बढी युवती सहभागी थिए ।

## रूपन्देही सुपरलिगः

# बुटवल राइनोजद्वारा सैनामैना पराजित




भैरहवा । रुपन्देही सुपरलिग क्रिकेट प्रतियोगिताको शनिबारको खेलमा बुटवल राइनोज क्रिकेट क्बल विजयी भएको छ । प्रतियोगिताअन्तर्गत 'ए' डिभिजनको खेलमा बुटवल राइनोजले सैनामैना क्रिकेट क्लबमाथि १९ रनको जित निकालेको हो ।

भैरहवास्थित सिद्धार्थ क्रिकेट मैदानमा टस जितेर ब्याटिङ गरेको बुटवल राइनोजले निर्धारित ६ ओभरको खेलमा ३८ ओभर २ बल खेल्दै सबै विकेट गुमाएर १ सय ५१ रन बनायो । उसका लागि रोजन कुमालले ३९, विपिन विक्रम शाहीले २९, इमरान शेषले २१, शिव कुँवरले १४ र अपर्ण तिमिल्सिनाले १३ रन जोडे । बलिङमा सैनामैनाका किरण भट्टराईले ५, प्रदीप सुवेदीले २ तथा गोपाल पौडेल शर्मा र सुनिल पौडेलले १-१ विकेट लिए ।

प्रतिउत्तरमा सैनामैना २४ ओभर ५ बलमा सबै विकेट गुमाउँदा १ सय ३२ रन मात्रै बनाउन सक्यो र हार व्यहोर्यो । उसका लागि विक्रम गौतमले ४३, ईश्वर क्षेत्रीले ३४, किरण भट्टराईले २२ र महेश रानाले ११ रन बनाए पनि जितका लागि पर्याप्त भएन । बलिङमा बुटवल राइनोजका विपिन विक्रम शाहीले ५ ओभर ५ बलमा ३२ रन खर्चेर ५ विकेट लिए । यस्तै, शिव कुँवरले २ तथा सुरज सारु र सुप्रिम कँडेलले समान १-१ विकेट लिए । खेलमा विपिन विक्रम शाही प्लेयर अफ द म्याच भई एक हजार दुई सय रुपैयाँ पाए ।

रुपन्देही क्रिकेट संघको आयोजना र सिद्धार्थनगर नगरपालिकाको सह-प्रायोजनामा जारी प्रतियोगिताको विजेता टिमले नगद १ लाख १ रुपैयाँ र उपविजेताले ५० हजार १ रुपैयाँ नगदसहित ट्रफी, मेडल र प्रमाणपत्र प्राप्त गर्नेछन् ।

यस्तै, हरेक खेलको म्यान अफ द म्याचले १ हजार दुई सय, म्यान अफ द सिरिजले १५ हजार, बेष्ट ब्याटर, बेष्ट बलर र उदयीमान खेलाडीले जनही ५ हजार रुपैयाँ पाउने संघका कोषाध्यक्ष तथा खेल संयोजक निरजप्रताप खाँणले जानकारी दिए ।

# वडाध्यक्षको निधन



नवलपुर । नवलपुरको कावासोती नगरपालिका वडा नम्बर १ का वडाध्यक्ष ३७ वर्षीय तावाराक अहमद मियाँको निधन भएको छ ।

उनी नेकपा एमालेबाट वडाध्यक्षमा निर्वाचित भएका हुन् । शनिबारबाट सुरु भएको एमालेको युवा संगठन राष्ट्रिय युवा संघ नवलपुरको १०औं जिल्ला अधिवेशनमा स्वागत मन्तव्य राखिसकेपछि उनी अचानक बेहोस भएका थिए ।

इलाका प्रहरी कार्यालय गैंडाकोट नवलपुरका अनुसार २:३० तिर बेहोस भएका उनलाई तत्काल उपचारका लागि नयाँ मेडिकल कलेच भरतपुरमा लगिएकोमा १४:४४ बजे चिकित्सकले मृत घोषणा गरेको थिए । उनी राष्ट्रिय युवा संघ नवलपुरका सह-सचिव पनि थिए ।

उनको निधनपछि अधिवेशन स्थगित भएको युवा संघका केन्द्रीय सदस्य मदन गिरीले बताए ।

शनिबार दिउँसो गैंडाकोटमा राष्ट्रिय युवा सङ्घको जिल्ला अधिवेशनमा सहभागी भइरहेको बेला हृदयाघातका कारण मियाँको मृत्यु भएको युवा सङ्घका केन्द्रीय सदस्य मदन गिरीले बताए ।

३७ वर्षका मियाँका श्रीमती, तीन छोरी र एक छोरा छन् ।

आकर्षक डिजाइन तथा छपाई
सबै किसिमका रंगिन तथा सादा डिजाइनका साथै सम्पूर्ण छपाईको लागि सधैं हामीलाई सम्झनुहोस् !
आइडिया डिजाइनर्स/अफसेट प्रेस
सम्पर्कः
बुटवल-७, पुरानो बसपार्क (सब्जीमण्डी पछाडि)
यातायात मजदूर संघको भवनमा
फोनः-०७१-५५०२१३ मो.९८५७०३५३८०,९८४७१२३१५७
E-mail:ideapressbtl@gmail.com

ट्वाइलेट सफा गराउनुहोस्
बुटवल सेनेटरी प्रा.लि.
९७४५४०५९७३, ९८०७४०९८५२
सेफ्टी टंकी, रिङ्ग सफा गर्नु परेमा तथा सेनेटरी सम्बन्धी
कुनै पनि काम परेमा हामीलाई सम्पर्क गर्नुहोस् ।
मनिषा सेनेटरी ९८५११९७९६६, ९८४७१२४१८५
शर्वेस सेनेटरी ९८४७०३९१४३, ९८५७०३४३८३
रियुस सेनेटरी ९८११४२८७३०
रेसुङ्गा सेनेटरी/रेसुङ्गा वाटर सप्लायर्स ९८५७०५७०७०

प्रो. मञ्जु एण्ड सन्स्
फोनः ०७१-५३५३१७
९८५७०६०३६८, ९८५७०६०३८४
KKJ न्यू कुमकुम ज्वेलर्स
वि.पि. चोक, बुटवल-४, रुपन्देही



स्वदेशी तथा विदेशी डिजाईनका शुद्ध सुन चाँदीबाट बनेका गर-गहनाको एकमात्र विश्वासिलो पसल
विगत १५ वर्षदेखि तपाईको सेवामा समर्पित
पुराना गहनाहरु संग नयाँ गहना साट्नुका साथै खरिद बिक्री गर्नुपरेमा हामीलाई सम्झनुहोस्

सिद्धार्थ पब्लिकेशन (प्रा.) लि. द्वारा प्रकाशित दैनिक लुम्बिनीको लागि अध्यक्षः मोहन चापागाईं, सल्लाहकारः एम.बी. विश्वकर्मा, प्रबन्ध सञ्चालकः महेश रिजाल, सम्पादकः शेरबहादुर केसी, सह-सम्पादक : टि.आर. शर्मा
प्रधान कार्यालयः बुटवल-११, माझगाउँ, रूपन्देही, लुम्बिनी प्रदेश नेपाल, फोन : ०७१-५३०६४०, ५३७६४० इमेलः dailylumbini@gmail.com(Advt), lumbininews@gmail.com (News) मुख्य शाखा कार्यालय भैरहवा, फोनः ०७१-५७२२६७ अनलाइन संस्करण lumbinipatrika.com